Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ५३ | वि.सं. २०८३ जेठ २२ शुक्रबार | नेपाल संवत: ११४५, ज्येष्ठ कृष्ण पञ्चमी | Friday 5 June 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## सुर्खेत विमानस्थल विस्तारको खिचडीले त्रासमा नागरिक

# 'कि विकल्प देऊ, होइन भने वर्षेनी तनाव नदेऊ'

विमानस्थल विस्तार गर्ने वा नगर्ने भन्ने विषयमा सरकारले शीघ्र ठोस निर्णय लिनुपर्ने स्थानीयको माग छ। विमानस्थल विस्तारको योजनामा आफूहरु बाधक नरहेको उल्लेख गर्दै उनीहरुले अब पनि विकल्प नदिए त्रास मात्रै सिर्जना गर्ने सरकारको रबैयाविरुद्ध आन्दोलनमा उत्रिने तयारीमा स्थानीय।

**ओम शाही**
**सुर्खेत, २१ जेठ ।**

संघीय सरकारले पत्येक वर्षको १५ जेठमा ल्याउने वार्षिक बजेटपछि चर्चामा आइरहन्छ सुर्खेत विमानस्थल। उसो त संघीयतापछि कुनै न कुनै कारणले चर्चामै रहन्छ यो विमानस्थल। कर्णाली प्रदेशको हवाई यातायातको ढोका यो विमानस्थल कहिले विस्तारको योजनाले चर्चामा आउँछ, कहिले शक्तिमा रहेका नेताहरूले विमानस्थलमा आउने बजेटमा अपनत्व लिन गरिने होडबाजीले।

२०७७ यता निरन्तर संघीय सरकारका नीति, कार्यक्रम तथा बजेटमा विमानस्थलको धावनमार्ग विस्तार गर्ने योजना समेटिन्छ। बजेट पनि विनियोजन हुन्छ। सरकारको नीति अनुसार हालको धावनमार्गलाई विस्तार गरेर ठुला प्रकृतिका जहाजले सहज उडान भर्न सक्ने बनाउनु छ। संघीय सरकारको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा भनिन्छ, 'कर्णालीको हवाई यातायतालाई दिगो, सुरक्षित र भरपर्दो बनाउन प्रदेशसँगको समन्वयमा सुर्खेत विमानस्थललाई विस्तार गरिने छ।'

संघीय सरकारपछि नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने प्रदेश सरकारले पनि भन्छ, 'आगामी वर्ष संघीय सरकारसँगको सहकार्यमा सुर्खेत विमानस्थल विस्तार गरिने छ।' १५ जेठ मा संघीय संसदमा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री स्वर्णिम वाग्लेले प्रदेश सरकारसँगको सहकार्यमा सुर्खेत विमानस्थल विस्तार गर्ने योजना पुनः अघि सारेका छन्।

बुधबार सार्वजनिक कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममा पनि योजना पुनः अघि सारिएको छ। तर, कर्णालीको हवाई पूर्वाधारमा दीर्घकालिन महत्व राख्ने सुर्खेत विमानस्थल विस्तारको योजना भने लोक रिझ्याई बनिरहेको छ। वर्षेनी राजनीतिक मुद्दा बन्दा प्रभावित क्षेत्रका नागरिक त्रसित बन्दै आएका छन्।

वर्षेनी संघले प्रदेशसँग र प्रदेशले संघ सरकारसँग सहकार्य गरेर विमानस्थल विस्तार गर्ने भनिन्छ। तर, व्यवहारमा भने त्यो सहकार्यको मोडल कस्तो हो भन्ने विषय अहिलेसम्म पनि बाहिर आएको छैन। वर्षेनी नीति, कार्यक्रम तथा बजेटमा समावेश हुने तर फिल्डस्तरमा काम अघि नबढाउने सरकारको प्रवृत्तिले प्रभावित क्षेत्रका नागरिक हैरान बनिरहेका छन्।

विमानस्थल विस्तारको योजना अघि सारिएसँगै प्रभावित क्षेत्रका नागरिकको जग्गा बन्धक बनाइएको छ। विमानस्थलको धावन मार्ग विस्तार गर्दा अधिग्रहण गरिने क्षेत्रका स्थानीयले जग्गा किनबेचदेखि नयाँ घर बनाउनसमेत पाएका छैनन्। उनीहरुले विमानस्थल बनाउने नै भए तत्काल उचित मुआब्जा दिएर विकल्प दिनुपर्ने नभए वर्षेनी विस्तारका नाममा त्रसित बनाउने काम बन्द गर्नुपर्ने माग गरिरहेका छन्।

विमानस्थल विस्तार गरिदा बढी प्रभावित हुने क्षेत्र वीरेन्द्रनगर नगरपालिका-१२, का धुव्र चालिसेले धावनमार्ग विस्तार गर्ने नै भए तत्काल अघि बढाउनु पर्ने नभए वर्षेनी स्थानीयलाई त्रसित बनाउने कार्य बन्द गर्नुपर्ने बताउँछन्। सरकारले घर, जग्गाको चलन चल्तीको दरमा मुआब्जा दिएर विमानस्थल विस्तार गर्न सक्ने भएपनि भूगोलका हिसावले त्यति सम्भव नरहेको उनी बताउँछन्।

'स्थानीयहरुमा अहिले वर्षेनी नीति, कार्यक्रम तथा बजेटमा समावेश गरिरहने तर कार्यान्वयन नगर्ने परिपाटीले स्थानीयहरुमा त्रास सिर्जना भइरहेको छ। विमानस्थल विस्तार गर्दा वीरेन्द्रनगरका वडा नम्वर १०, ११, १२, १३ का नागरिक प्रभावित हुन्छन्। यो क्षेत्रमा ठुलो वस्ती छ। उनीहरुलाई वर्षेनी विस्थापित हुने त्रास राज्यले नै फैलाइ रहेको छ।'

विमानस्थल विस्तारको योजनामा आफुहरु बाधक नभएको उल्लेख गर्दै उनले प्रभावित क्षेत्रमा सडक, पुल, विद्यालय, हटलाइन, रिङरोड लगायतका विकास गर्ने र स्थानीयलाई चलन चल्तिको दरमा उचित मुआब्जा दिएमात्रै विमानस्थल विस्तारको योजना सफल हुने चालिसे बताउँछन्।

त्यस्तै, वीरेन्द्रनगर-१२, कि कृति सुवेदीले पनि विमानस्थल विस्तारका सम्वन्धमा ठोस निर्णय दिनुपर्ने बताउँछिन्। वर्षेनी विमानस्थल विस्तारको योजनालाई खिचडी बनाइदा आफ्नो निजी सम्पत्तिको निर्वाध प्रयोगमा बाधा उत्पन्न भइरहेको सुवेदी बताउँछिन्। उनि भन्छिन्, 'हामीलाई विमानस्थलले उठाउँछ भन्ने त्रास कतिन्जेलसम्म दिने हो ?,

हामीले कहिलेसम्म विमानस्थलकै नाममा सास्ति व्यहोर्नुपर्ने हो ?, नीति तथा कार्यक्रमको नाममा सधैं कुरा उठाईरहने, तर व्यवहारमा विस्तार कहिले हुने हो ?, अब हामीलाई विकल्प चाहियो। एउटै विषयमा कति दशकसम्म नागरिकलाई उठिवास लाग्ने त्रासमा राख्छौ ?, यसको जवाफ कोसँग

बाँकी ३ पेजमा



### यस्तो छ विमानस्थल विस्तारको खिचडी

सुर्खेत विमानस्थल विस्तार गर्ने योजना अहिलेको भने होइन। २०७७ सालमा हालको विमानस्थललाई विस्तार गरी १ हजार ५ सय मिटरको धावनमार्ग विस्तार गरी रात्रिकालिन उडान भर्ने उद्देश्यका साथ सुर्खेत विमानस्थल विस्तारको योजना अगाडि बढाइएको थियो।

तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको अध्यक्षतामा २०७७ साल मंसिर अन्तिम साता बसेको बैठकले विमानस्थललाई 'एप्रोच लाइट' सुविधायुक्त विमानस्थलका रूपमा विकास गर्न दीर्घकालीन सोचसहित काम अघि बढाउने निर्णय गरेको थियो।

सो विमानस्थल विस्तार र स्तरोन्नतिका लागि झण्डै दुई अर्ब रुपैयाँबराबर खर्च लाग्ने भन्दै पहिलो चरणमा प्रदेश सरकारले ५० करोड र केन्द्र सरकारले ५१ करोड बजेटसमेत छुट्याएका थिए।

विस्तारका लागि संघीय र प्रदेश सरकारबीच १५ असोज २०७७ सालमा समझदारीपत्रमा हस्ताक्षरसमेत भएको थियो। तर, प्रदेश सरकारले विस्तारको काम अघि बढाउनै सकेन। केन्द्र र प्रदेश सरकारले छुट्याएको एक अर्ब एक करोड रकम फ्रिज भएको थियो।

आर्थिक वर्ष २०७८/०७९ मा पनि एक अर्ब ५० करोड बजेट

बाँकी ३ पेजमा

# समयमै काम नगर्ने निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्द

**युग संवाददाता**
**बाँके, २१ जेठ ।**

बाँकेको खजुरा गाउँपालिकाले योजनाको काम समयमै सम्पन्न नगर्ने निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्द गरेको छ। निर्माण कार्यको प्रगति सन्तोषजनक नभएको, लामो समय बितिसक्दा पनि सुधार नदेखिएको तथा काम सम्पन्नतर्फ निर्माण व्यवसायी अग्रसर नभएकाले पाँच योजनाको ठेक्का सम्झौता रद्द गरिएको खजुरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलबहादुर पौडेलले जानकारी दिए। उनका अनुसार, गाउँपालिकाको विभिन्न वडामा योजना निर्माण कार्यका लागि अमन कन्स्ट्रक्सन, गुलरिया-५, बर्दियासँग गरिएका पाँच वटै ठेक्का सम्झौता रद्द गरिएको हो।

खजुरा गाउँपालिका-४ एफगाउँमा करिब ५०० मिटर सडक कालोपत्र गर्न २०७७ फागुन १२ गते अमन कन्स्ट्रक्सन, गुलरिया-५, बर्दियासँग ठेक्का सम्झौता भएको थियो। कम्पनीले २०७८ जेठ ३० गतेभित्र निर्माण कार्य सम्पन्न गर्ने सम्झौता गरे पनि हालसम्म काम पूरा भएको छैन।दुई भागमा अलग-अलग ठेक्का आह्वान गरिएको उक्त योजनाअन्तर्गत ग्राभेल हाल्ने र गिट्टी बिछ्याउने काम भए पनि कालोपत्र हुन नसक्दा सडक पुनः जीर्ण बनेको छ। अमन कन्स्ट्रक्सनले ठेक्का पाएको एनआइसी बैङ्कदेखि मनकामना जाने सडक तथा नाली निर्माण, गोपालसिंह आलेको घरदेखि लालबहादुर रजालीको घरसम्मको बाटो स्तरोन्नति, तथा बिगाउँ ९० नम्बरदेखि १०५ नम्बरसम्मको बाटो स्तरोन्नतिका योजना पनि वर्षौंदेखि अधुरै छन्।

पालिकाले यी सबै पाँचवटै ठेक्का रद्द गर्ने निर्णय गरेको हो। सबै ठेक्का अमन कन्स्ट्रक्सनकै रहेका छन्। निर्माण कार्यको प्रगति सन्तोषजनक नभएको, लामो समय बितिसक्दा पनि सुधार नदेखिएको तथा काम सम्पन्नतर्फ निर्माण

बाँकी ३ पेजमा



# बीस मेगावाटसम्मका आयोजना प्रदेशले बनाउने

**युग संवाददाता**
**सुर्खेत, २१ जेठ ।**

सङ्घ सरकारको सहकार्यमा कर्णाली प्रदेशले सार्वजनिक निजी साझेदारीमा २० मेगावाटसम्मको जलविद्युत् आयोजना आफैंले निर्माण गर्ने भएको छ।

'कर्णालीको पानी-जनताको लगानी' अभियानअन्तर्गत निर्माण हुने २० मेघावाटसम्मका जलविद्युत् आयोजना कर्णालीवासीकै सेयर लगानीबाट गर्ने प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले जानकारी दिए।

डोल्पामा निर्माणाधीन जगदुल्ला 'ए' लगायतका जलविद्युत् आयोजना प्रदेश सरकारकै लगानीमा गरिने भएको छ। कर्णाली प्रदेश सरकारले हालै सार्वजनिक गरेको नीति तथा कार्यक्रममा सौर्य, वायु ऊर्जा, लघु तथा साना जलविद्युत् र मिनी ग्रिडमार्फत विद्युत् विस्तार गरिने उल्लेख छ।





विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस्।
Job Karnali
:- Jobkarnali.com
Tender Karnali
:- Tenderkarnali.com
ebazar
:- ebazar.com
yugnews.com

## सम्पादकीय....

# नीति कार्यान्वयनमा ध्यान देऊ !

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। प्रदेश प्रमुख यज्ञराज जोशी अस्वस्थ भएपछि मुख्यमन्त्री यामलाल कँडेलले प्रदेशसभामा नीति तथा कार्यक्रमको पूर्णपाठ वाचन गरेका छन्। सरकारले 'समृद्ध कर्णालीः सुखारी कर्णालीवासी' को दीर्घकालीन लक्ष्यलाई केन्द्रमा राखेर कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यटन, ऊर्जा, रोजगारी, सुशासन तथा सेवा प्रवाहका विविध कार्यक्रम अघि सारेको छ। कागजमा हेर्दा नीति तथा कार्यक्रम व्यापक र सन्तुलित देखिन्छ। तर, कर्णालीको विगतको अनुभवले के यी कार्यक्रम कार्यान्वयन हुन्छन् भन्ने प्रश्न भने खडा गरेको छ। कर्णाली प्रदेश सरकारका अधिकांश वार्षिक नीति तथा कार्यक्रमहरूको साझा समस्या कार्यान्वयन कमजोर हुनु हो। यस वर्ष पनि सार्वजनिक गरिएको नीति तथा कार्यक्रमभित्र समेटिएका धेरै योजना नयाँ होइनन्। कृषि उत्पादन वृद्धि, सामूहिक खेती, करार खेती, कृषि पर्यटन, विषादी अवशेष परीक्षण प्रयोगशाला, पर्यटन प्रवर्द्धन, जलविद्युत् विकास, युवालाई स्वरोजगार बनाउने कार्यक्रम, प्रशासनिक सुधार तथा सेवा प्रवाहलाई चुस्त बनाउने योजना विगतका नीति तथा कार्यक्रममा पनि समावेश हुँदै आएका विषय हुन्। तर तीमध्ये धेरैजसो योजना घोषणा र प्रतिबद्धतामै सीमित छन्। स्वास्थ्य क्षेत्र यसको एउटा ज्वलन्त उदाहरण हो।

कर्णाली प्रदेश अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा विकास गर्ने योजना वर्षौंदेखि दोहोरिँदै आएको छ। आगामी वर्षका लागि पनि त्यससम्बन्धी कानुन तर्जुमाको कुरा गरिएको छ। तर प्रतिष्ठान सञ्चालनका लागि आवश्यक जनशक्ति, संरचना र स्रोत व्यवस्थापनतर्फ सरकारको पर्याप्त ध्यान पुगेको देखिँदैन। यस्तै, अवस्था शिक्षामा पनि छ। शिक्षा नीति, दशवर्षीय शिक्षा योजना, डिजिटल पूर्वाधार विस्तार, शिक्षक क्षमता विकास तथा विद्यालयको गुणस्तर सुधारका कार्यक्रम सकारात्मक भए पनि यिनको सफलता कार्यान्वयनमा निर्भर रहनेछ। पूर्वाधार विकासतर्फ सरकारका घोषणा अझ बढी परीक्षणको विषय बनेका छन्। दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने भनिए पनि कर्णाली प्रादेशिक रंगशाला अझै पूर्णता पाउन सकेको छैन। सुर्खेत विमानस्थल विस्तारको योजना प्रदेश स्थापना भएयता हरेक वर्ष दोहोरिन्छ, तर प्रगति भने नगण्य छ। हिमाली जिल्लामा नियमित हवाई सेवा सञ्चालनका लागि सहुलियत दिने घोषणा पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन। रणनीतिक सडक, आर्थिक करिडोर र पर्यटन पहुँच मार्ग निर्माणका योजना पनि वर्षेनी दोहोरिने तर अधुरा रहने सूचीमै छन्। कृषि, पर्यटन र ऊर्जा क्षेत्रका कार्यक्रमहरू पनि पुरानै प्रतिबद्धताको निरन्तरता हुन्।

कर्णाली पर्यटन दशक घोषणा गर्ने, स्थानीय युवालाई पर्यटनसँग जोड्ने, जलविद्युत् आयोजनामा स्थानीय लगानी प्रोत्साहन गर्ने तथा स्टार्टअप कर्जा कार्यक्रम सञ्चालन गर्ने योजना आफैंमा महत्वपूर्ण छन्। तर, विगतका अनुभवले स्पष्ट कार्ययोजना, पर्याप्त बजेट, जिम्मेवारी निर्धारण र अनुगमनबिना यस्ता कार्यक्रम अपेक्षित परिणाम दिन सक्दैनन्। प्रमुख प्रतिपक्षी दलले पनि यही प्रश्न उठाएको छ। नीति तथा कार्यक्रमले नयाँ आशा र भरोसा जगाउन नसकेको तथा प्रदेशको आवश्यकता अनुरूप परिणाममुखी सोचको अभाव रहेको टिप्पणी प्रतिपक्षको छ। आलोचनालाई सरकारले केवल राजनीतिक टिप्पणीका रूपमा नभई सुधारको अवसरका रूपमा लिनुपर्छ। कर्णालीको आवश्यकता अब नयाँ नाराभन्दा पनि प्रभावकारी कार्यान्वयन हो। प्रदेश सरकारले प्रत्येक वर्ष आकर्षक योजना घोषणा गर्ने तर परिणाम देखाउन नसक्ने परिपाटी अन्त्य गर्नुपर्छ। नीति तथा कार्यक्रमको सफलता त्यसमा उल्लेख भएका शब्दको संख्या वा घोषणाको भव्यताले होइन, जनताले प्रत्यक्ष अनुभूति गर्ने उपलब्धिले मापन हुन्छ। त्यसैले आगामी आर्थिक वर्ष कर्णाली सरकारका लागि नयाँ योजना घोषणा गर्नेभन्दा पनि विगतका प्रतिबद्धता पूरा गर्ने वर्ष बन्नुपर्छ। यदि सरकारले कार्यान्वयनलाई केन्द्रमा राखेर परिणाम दिन सक्यो भने मात्रै 'समृद्ध कर्णालीः सुखारी कर्णालीवासी' को लक्ष्य सार्थक हुनेछ। अन्यथा यो नीति तथा कार्यक्रम पनि विगतका दस्तावेजझैँ अभिलेखमा सीमित हुने खतरा रहिरहनेछ।

# आशातीत बजेट कमजोर कार्यान्वयन संयन्त्र



✍ चण्डीराज ढकाल

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट (आर्थिक विधेयक) सार्वजनिक भएसँगै मुलुकको अर्थतन्त्रमा नयाँ तरंग पैदा भएको छ। विगत लामो समयदेखि शिथिल बनेको बजार, खस्किएका उद्यमीहरूको मनोबल र विशेषगरी 'जेनजी' आन्दोलनपछि शिथिल बनेको निजी क्षेत्रको आत्मविश्वासलाई फर्काउन यो बजेटले भरपूर प्रयास गरेको देखिन्छ।

निजी क्षेत्रले विगत एक दशकदेखि उठाउँदै आएका नीतिगत सुधारका कैयौं मागहरूलाई यसपटक बजेटमार्फत सम्बोधन गर्ने इमानदार प्रयास गरिएको छ। नीतिगत स्थिरता र लगानीको वातावरण सुधारका दृष्टिले बजेटमा सकारात्मक आधारहरू तयार भएका छन्, तथापि ठुलो आकारको बजेटको परम्परागत रोग कार्यान्वयनको चुनौती र महत्वाकांक्षी राजस्व संकलनको लक्ष्य भने यसपटक पनि शंकाको घेराभन्दा बाहिर रहन सकेको छैन। बजेटले ७ प्रतिशतको आर्थिक वृद्धिदरको जुन अपेक्षा राखेको छ, त्यो निकै चुनौतीपूर्ण देखिन्छ।

### कर सुधार र औद्योगिक प्रोत्साहन स्वागतयोग्य सुरुवात

विगतमा भाषणमा मात्रै सीमित हुने गरेको 'निजी क्षेत्रमैत्री नीति' यसपटक केही हदसम्म आर्थिक विधेयकमा प्रतिविम्बित हुनु स्वागतयोग्य पक्ष हो। व्यक्तिगत आयकर छुटको सीमा पाँच लाख रुपैयाँबाट वृद्धि गरी १० लाख रुपैयाँ पुऱ्याउनु, उच्च करको दरलाई घटाउनु र पुराना कर विवादहरूको दीर्घकालीन समाधान खोज्ने प्रयास गर्नुले बजारमा सकारात्मक सन्देश दिएको छ।

यसैगरी, औद्योगिक कच्चा पदार्थको भन्सार महसुल तयारी मालवस्तुभन्दा कम्तीमा एक तह न्यून हुने गरी २७३ प्रकारका कच्चा पदार्थमा भन्सार दर कटौती गरिनुले आन्तरिक उत्पादनको लागत घटाउन र आर्थिक गतिविधिलाई विस्तार गर्न ठुलो सहयोग पुग्ने देखिन्छ। विद्यमान ११ तहको भन्सार दरलाई सात तहमा सीमित गर्ने घोषणाले व्यवसायीहरूलाई प्रशासनिक झन्झटबाट मुक्ति दिने र कार्यसम्पादनमा सहजता प्रदान गर्ने निश्चित छ।

सबैभन्दा सुखद पक्ष ३६० भन्दा बढी वस्तुहरूमा लाग्दै आएको अन्तःशुल्क खारेज गर्ने घोषणा आफैंमा ऐतिहासिक र साहसिक छ। उत्पादनमूलक उद्योगमा विद्युत् महसुल सहुलियत, निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमति, जलाशययुक्त जलविद्युत् आयोजनामा विशेष सुविधा र उद्योगसम्म सिधै प्रसारण लाइन विस्तार गर्ने जस्ता नीतिहरूले नेपालको औद्योगिक पूर्वाधारलाई थप बल पुऱ्याउने अपेक्षा गरिएको छ।

घरजग्गा क्षेत्रलाई चलायमान बनाउने नीतिगत प्रयासले लामो समयदेखि अड्किएर बसेको पुँजी प्रवाह बढाउने आशा जगाएको छ। यसमा कित्ताकाटसम्बन्धी व्यवस्थालाई राज्यले अझ प्रस्ट रूपमा ल्याउन सके हाउजिङ र रियल इस्टेट क्षेत्रले ठुलो फड्को मार्ने सम्भावना जीवितै छ।

### एक हातले दिने, अर्को हातले खोस्ने?

बजेटमा सकारात्मक सोचका छिद्रहरू हुँदाहुँदै पनि कतिपय ठाउँमा राज्यको कर नीतिमा गम्भीर विरोधाभास र असंगतिहरू देखिएका छन्। जसले एकातिर उद्योगीलाई उत्साहित बनाएजस्तो गर्ने र अर्कोतिरबाट आर्थिक भार थप्ने दोहोरो चरित्र प्रस्ट पार्छ। नेपालसँग प्रचुर मात्रामा जलविद्युत् उत्पादनको स्रोत उपलब्ध छ। हाम्रो प्राथमिकता यहाँ उत्पादित विद्युत्लाई स्वदेशी उद्योग व्यवसायसम्म सहज र सस्तो ढंगले पुऱ्याएर त्यसलाई कच्चा पदार्थका रूपमा उपयोग गराउने हुनुपर्थ्यो। तर, ठुला उद्योगमा खपत हुने विद्युत्मा केही भन्सार कर लगाउने र 'हरित कर'को नाममा आर्थिक भार थप्ने नीति ल्याइएको छ। यसले नेपाली उद्योगहरूको अन्तर्राष्ट्रिय प्रतिस्पर्धी क्षमतामाथि नै अर्को प्रहार गर्ने जोखिम बढाएको छ।

कर नीतिको अर्को ठुलो विरोधाभास मूल्य अभिवृद्धि करमा देखिएको छ। हालसम्म करयोग्य वस्तु र सेवामा १३ प्रतिशतको एकल दर र शून्य दरको व्यवस्था रहेकोमा आगामी साउनदेखि शून्य, ५ र १३ प्रतिशतको भ्याट प्रणाली लागु गरेर 'बहुदर'को अभ्यास गुपचुप रूपमा सुरु गरिएको छ। बिजुली र राइड सेयरिङ सेवामा ५ प्रतिशत भ्याट लगाइएको छ तर सरकारले प्रस्टसँग 'बहुदर सुरु भयो' भनेर स्वीकार गर्न सकेको छैन।

बजेट भाषणमा मूल्य अभिवृद्धि करमा बहुदरको सान्दर्भिकताबारे अध्ययन गर्न उच्चस्तरीय सुझाव समिति गठन गर्ने त भनिएको छ तर यसले निजी क्षेत्रमा कता कता शंका र अन्योल उत्पन्न गराएको छ। प्रश्न उठ्छ- हाम्रोजस्तो कमजोर प्रशासनिक र प्राविधिक संरचना भएको देशले भ्याटको बहुदर प्रणालीलाई पारदर्शी रूपमा व्यवस्थापन गर्न सक्छ कि सक्दैन? घोषित नीति र नागरिकको अपेक्षाविपरीत करमा यस्ता विरोधाभास थपिँदा राज्यका नीतिप्रति आमनागरिक र व्यवसायीमा अविश्वास बढ्ने खतरा रहन्छ।

### ऊर्जा र सवारी

जलविद्युत्लाई बढावा दिने भनिए पनि विद्युतीय सवारी साधनको सवालमा बजेट अनुदार देखिएको छ। विद्युतीय सवारीमा मूल्य वृद्धि गर्ने र कर प्रणालीमा ल्याइएको फेरबदलका कारण कर छल्न सक्ने चोरबाटोहरू सिर्जना हुने सम्भावना देखिन्छ। व्यवसायीहरूको अनुमानअनुसार विद्युतीय सवारीको मूल्य न्यूनतम दुई लाखदेखि अधिकतम एक करोड रुपैयाँसम्म बढ्न सक्छ। यसले गर्दा गाडीको मूल्य पनि अब सुनचाँदीको बजारजस्तै छिनछिनमा घटबढ भइरहने परिस्थिति बन्नेछ र उपभोक्ताले मूल्य सुनिश्चितता पाउने छैनन्। यदि यसो भयो भने देशलाई स्वच्छ ऊर्जा र विद्युतीय सवारीतर्फ लैजाने राज्यको मूल प्राथमिकता नै धरापमा पर्ने देखिन्छ।

### शिक्षा र स्वास्थ्य

शिक्षा र स्वास्थ्य क्षेत्रलाई करको दायरामा ल्याउने घोषणा गरिएको छ भने बिजुलीमा ५० युनिटभन्दा बढी खपत गर्दा ५ प्रतिशत भ्याट लाग्ने व्यवस्था छ। साधारण नागरिकको पहुँच पुऱ्याउनुपर्ने आधारभूत क्षेत्र (शिक्षा, स्वास्थ्य र बिजुली) मा यसरी करको भार थपिँदा, यसको अपेक्षित उपलब्धि र प्रयोग सबै पक्ष र वर्गसम्म पुग्न सक्दैन, बरु आमसर्वसाधारणका लागि जीवनयापन थप कष्टकर र खर्चिलो बन्न जान्छ।

### ओझेलमा निर्यात र रोजगारी, उपेक्षामा रुग्ण उद्योग

अहिलेको सरकारले रोजगारीको अवसर सिर्जना गर्ने र वैदेशिक रोजगारीको निर्भरता घटाउने दाबी गरे पनि बजेटको भित्री गहिराइमा पस्दा निर्यात प्रवर्द्धन र आन्तरिक रोजगारी वृद्धिलाई खासै चासो दिएको देखिन्न। रोजगारीका अवसर उपलब्ध गराउने ऊनी गलैंचा, पस्मिना, तयारी पोसाकजस्ता उद्योगहरू जसले लाखौंलाई रोजगारी दिँदै अर्बौंको निर्यात गरिरहेका छन्, तिनको पुनरुत्थानमा बजेट मौन छ। नेपाल उद्योग वाणिज्य महासंघ, तयारी पोसाक संघलगायतका संस्थाहरूले विगतका विभिन्न राजनीतिक तथा आर्थिक कारणले बन्द वा संकटमा परेका यस्ता निर्यातमुखी उद्योगहरूलाई 'रुग्ण उद्योग'को मान्यता दिएर पुनः सञ्चालन गर्ने वातावरण बनाउनुपर्छ भन्ने माग राख्दै आएका थिए। बजेटले सरकारी रुग्ण उद्योगहरूका लागि त केही बजेट विनियोजन गरेको छ तर निजी क्षेत्रका रुग्ण उद्योगहरूको हकमा बजेट वा ठोस नीतिगत अवधारणा ल्याउन कता कता चुकेको देखिन्छ। नयाँ स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने व्यवस्था हुनु राम्रो भए पनि विभिन्न परिस्थितिका कारण विस्थापित वा समस्यामा परेका विद्यमान व्यवसायीलाई पुनर्स्थापना गर्ने विषयमा बजेट खुल्न सकेको छैन। जसका कारण देशको निर्यात वृद्धि गर्ने, व्यापार घाटा न्यून गर्ने र आन्तरिक रोजगारी बढाउने राज्यको संकल्प अपेक्षित ढंगबाट अगाडि बढ्न सक्ने अवस्था देखिँदैन।

### महिला उद्यमीबारे नीति राम्रो, बजेट अपूर्ण

लैंगिकताका नाममा बजेट वर्गीकरण गरिए पनि त्यसको ठुलो हिस्सा लक्षित वर्गसम्म खर्च हुन सकेको छैन। बजेटको सही प्रभाव मूल्यांकन नहुँदा दलित र आदिवासी महिलाका आधारभूत आवश्यकता अझै सम्बोधन हुन सकिरहेको छैन। महिला उद्यमीहरूका लागि सिप विकास तालिम र उद्यमशीलतामा प्रोत्साहन गर्न १५ लाख रुपैयाँसम्मको सहुलियत व्यवस्था गर्नु स्वागतयोग्य भए पनि यो पर्याप्त छैन। महिला उद्यमीको वृत्तिविकासका लागि वित्तीय पहुँच सबैभन्दा मुख्य आवश्यकता हो तर यस क्षेत्रमा बजेटले कुनै स्पष्ट नीति र ठोस कार्यक्रम ल्याउन सकेको देखिँदैन।

### पर्यटन

भौतिक पूर्वाधार, नयाँ सुरुङमार्गको विकास, सडक सञ्जालको विस्तारजस्ता कुरामा बजेटले प्राथमिकता दिनु सकारात्मक छ। पर्यटन क्षेत्रमा पनि ग्रामीण पर्यटन प्रवर्द्धन र विभिन्न प्रकृतिका गन्तव्यहरूलाई केन्द्रित गरेर बजेट विनियोजन गर्नु, भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई चलायमान बनाउने घोषणा गर्नुले पर्यटन व्यवसायीमा उत्साह भरेको छ। यसैगरी प्रदेशहरूलाई पनि सन्तुलित ढंगबाट बजेटमा समेट्ने प्रयास गरिएको छ।

### कृषि

कृषि क्षेत्रतर्फ, मलको समयमै आपूर्ति र व्यवस्थापनका साथै किसानहरूलाई दुई करोड ५० लाख रुपैयाँभन्दा बढीको लगानीमा अनुदान दिने व्यवस्था गरिएको छ। तर, व्यावहारिक धरातलमा हेर्ने हो भने यस प्रकारको ठुलो अनुदानको संरचनाभित्र वास्तविक र साना किसानहरू समेटिने सम्भावना कम छ। साधारण किसानहरू यो सुविधाबाट वञ्चित हुने निश्चितजस्तै देखिन्छ।

### बजेट करेक्सनको अपेक्षा

समष्टिगत रूपमा हेर्दा, आगामी आर्थिक वर्षको बजेटले निजी क्षेत्रको लामो समयदेखिको माग र आवाजलाई सुन्ने र विश्वासमा लिने इमानदार प्रयास गरेको छ। तर, नीतिगत प्रष्टताको अभाव, करका दरहरूमा देखिएको विरोधाभास, निर्यातमुखी उद्योगहरूको उपेक्षा र कमजोर प्रशासनिक संरचनाबिच बहुदर भ्याटको प्रयोग जस्ता कमजोर पक्षहरूले बजेटको सुन्दर सोचमाथि नै प्रश्नचिह्न खडा गरिदिएका छन्। यी बेमेल र कमजोरीहरूलाई समयमै सुधार गरिएन भने बजेटभित्रको सकारात्मक सोच र अपेक्षा फेरि पनि कागजमै सीमित भई अर्थतन्त्रमा थप जटिलता र अप्ठ्यारोपन महसुस हुन सक्छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले यस विषयलाई गम्भीरतासाथ लिनुहुनेछ भन्ने निजी क्षेत्रको बलियो विश्वास छ। संसद्मा आर्थिक विधेयकमाथि हुने आगामी छलफल र संशोधन प्रस्तावहरूमार्फत यी कमजोरीहरूलाई सुधारेर अगाडि बढ्न सके मात्र बजेटले लिएको आर्थिक समृद्धिको लक्ष्य हासिल हुन सक्छ र आमनेपालीमा राज्यको नीतिप्रति भरोसा कायम रहन सक्छ।

## विश्व

# उत्तर कोरियाको आणविक दौड तीव्र

**सियोल, २१ जेठ ।**

उत्तर कोरियाले आफ्नो आणविक हतियार कार्यक्रमलाई अझ तीव्र बनाउने सङ्केतस्वरूप आणविक बमका लागि आवश्यक इन्धन उत्पादन गर्ने नयाँ संयन्त्र सार्वजनिक गरेको छ। राज्य सञ्चालित सञ्चारमाध्यमले सार्वजनिक गरेका विवरणअनुसार नेता किम जोङ उनले देशको आणविक शक्तिलाई तीव्र गतिमा विस्तार गर्ने लक्ष्य दोहोऱ्याउनुभएको छ, जसले कोरियाली प्रायद्वीपमा सुरक्षा चिन्तालाई थप बढाएको छ।

दक्षिण कोरियाली सेनाले सार्वजनिक गरिएको स्थललाई युरेनियम संवर्धन संयन्त्रका रूपमा मूल्याङ्कन गरेको जनाएको छ। दक्षिण कोरियाको संयुक्त सैनिक मुख्यालयले उत्तर कोरियाको आणविक गतिविधिमाथि निगरानी गर्न संयुक्त राज्य अमेरिकासँग नजिकको समन्वय भइरहेको जानकारी दिएको छ, यद्यपि उक्त स्थलसम्बन्धी थप विवरण सार्वजनिक गरिएको छैन।

उत्तर कोरियाको सरकारी समाचार संस्था केसीएनएका अनुसार नयाँ सुविधामा 'अझ परिष्कृत प्रविधि' प्रयोग गरिएको छ। तर संयन्त्रको ठ्याक्कै स्थान, यसको उत्पादन क्षमता वा सञ्चालन सुरु भएको मिति खुलाइएको छैन। राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा हतियार-स्तरको युरेनियम उत्पादनका लागि प्रयोग हुने सेन्ट्रिफ्युजहरूले भरिएको ठूलो हल देखिन्छ, जसले उत्तर कोरियाको आणविक कार्यक्रम निरन्तर विस्तार भइरहेको सङ्केत दिन्छ।

नयाँ संयन्त्रको सार्वजनिकसँगै किमले पछिल्ला वर्षहरूदेखि अघि बढाउँदै आएको आणविक हतियार कार्यक्रम विस्तार गर्ने नीतिलाई थप स्पष्ट पारेका छन्।

उनले अमेरिका नेतृत्वको सुरक्षा चुनौती र सैन्य दबाबलाई उत्तर कोरियाले आफ्नो आणविक क्षमता बढाउनुको मुख्य कारणका रूपमा प्रस्तुत गर्दै आएका छन्।

केसीएनएका अनुसार किमले बुधबार उक्त आणविक केन्द्रको भ्रमण गरी सञ्चालन अवस्था र दीर्घकालीन उत्पादन योजनाबारे जानकारी लिएका थिए। भ्रमणका क्रममा उहाँले देशको आणविक प्रतिरोध क्षमता गुणस्तर र परिमाण दुवै हिसाबले अझ सुदृढ बनाउनुपर्ने आवश्यकता अझ बढ्दै गएको बताएका थिए।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत पनि प्राप्त हुनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ।

**वृष** दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ। सामाजिक दायित्व बढ्नेछ। काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ।

**मिथुन** स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला। सोचेको समयमा काम नबन्न सक्छ।

**कर्कट** दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। आर्थिक लाभ उठाउन सकिनेछ। भौतिक साधन जुट्नुका साथै दिगो काम थाल्ने समय छ।

**सिंह** समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। रोग तथा शत्रुमाथि विजय प्राप्त हुनेछ।

**कन्या** अध्ययनमा राम्रो प्रगति हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ। शुभचिन्तकहरूले साथ दिनेछन्।

**तुला** प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ। बाहिरी काम छोडेर पनि आफन्त र परिवारजनलाई समय दिनुपर्ला।

**वृश्चिक** अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ।

**धनु** बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर जुट्नेछ। चिताएको काम सम्पादन हुनेछ। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ।

**मकर** रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ।

**कुम्भ** खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ। दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला।

**मीन** दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ।

# सुरक्षित डिजिटल स्पेस निर्माण गर्नुपर्ने युवाहरुको माग

**युग संवाददाता**
**सुर्खेत, २१ जेठ ।**

कर्णाली प्रदेशका युवाहरूले शिक्षा, स्वास्थ्य, रोजगारी, डिजिटल अधिकार, जलवायु न्याय र सुशासनलगायतका विषयमा साझा घोषणापत्र जारी गरेका छन् । गैरसरकारी संस्था महासंघ नेपाल र युवा अभियानको संयुक्त आयोजनामा जेठ २० र २१ गते सुर्खेतको वीरेन्द्रनगरमा सम्पन्न कर्णाली प्रदेश युवा सम्मेलन २०८३ मा प्रदेशका १० वटै जिल्लाबाट सहभागी युवाहरूले तयार पारेको घोषणापत्र बिहीबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको हो ।

घोषणापत्र कर्णाली प्रदेश स्तरीय युवा सम्मेलनकी संयोजक भावना शाहीले सार्वजनिक गरेकी हुन् । घोषणापत्रमा युवाहरूले सामाजिक रूपान्तरण, राष्ट्रिय पुनर्निर्माण र समृद्धिको अभियानमा युवाको नेतृत्वदायी भूमिका अपरिहार्य रहेको निष्कर्ष निकाल्दै राज्यका तीनै तहका सरकारलाई युवामैत्री नीति निर्माण र कार्यान्वयनमा जोड दिएका छन् ।

डिजिटल अधिकारका क्षेत्रमा डिजिटल गोपनीयता सम्बन्धी कानुन निर्माण गर्न, विद्यालय तहदेखि नै कृत्रिम बौद्धिकता को नैतिक प्रयोग र डिजिटल साक्षरतालाई पाठ्यक्रममा समावेश गर्न माग गरिएको छ । साथै डिजिटल मार्केटिङ तथा प्रविधिमैत्री उद्यमशीलता विकासमा युवालाई प्रोत्साहन



गर्नुपर्नेमा जोड दिइएको छ ।

सुरक्षित डिजिटल स्पेस निर्माणका लागि 'पियर एजुकेसन' मार्फत सचेतना अभियान सञ्चालन गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ । शिक्षा क्षेत्र सुधारतर्फ संविधानअनुसार कक्षा १२ सम्मको शिक्षा पूर्णतः निःशुल्क, प्रविधिमैत्री र रोजगारमुखी बनाउनुपर्ने माग गरिएको छ । सामुदायिक विद्यालयमा 'बुक-फ्री फ्राइडे' जस्ता सीपमूलक कार्यक्रम विस्तार गर्न सुझाव दिइएको छ ।

साथै दलित, अपाङ्गता भएका व्यक्ति, राउटे, कमैया, हलिया, कमलहरी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न समुदायस्तरमा मेन्टरिङ र स्वयंसेवी अभियान सञ्चालन गर्ने प्रतिबद्धता पनि उल्लेख छ ।

स्वास्थ्य क्षेत्रमा प्रत्येक स्थानीय तहमा कम्तीमा एक मानसिक स्वास्थ्य परामर्शदाता व्यवस्था गर्न र स्वास्थ्य बजेटको कम्तीमा पाँच प्रतिशत मानसिक स्वास्थ्य क्षेत्रमा विनियोजन गर्न माग गरिएको छ । विद्यालय तथा स्वास्थ्य संस्थामा निःशुल्क स्यानिटरी प्याड वितरण, प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी सचेतना विस्तार तथा लागूपदार्थ दुर्व्यसनविरुद्ध अभियान सञ्चालन गर्ने विषय पनि समेटिएको छ ।

रोजगारी र आर्थिक अवसरतर्फ स्टार्टअप र उद्यमशीलतामा सहुलियत, बिना धितो ऋण, कर छुट तथा दर्ता प्रक्रियामा सहजीकरणको माग गरिएको छ । कृषि, पर्यटन, वन तथा स्थानीय उत्पादनमा आधारित उद्यम प्रवर्द्धन गर्नुपर्ने, वैदेशिक रोजगारबाट फर्किएका युवाको सीपलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्नुपर्ने र सुरक्षित आप्रवासन सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ ।

जलवायु न्याय र वातावरण संरक्षणका लागि विपद् प्रभावित क्षेत्रमा ७२ घण्टाभित्र आपतकालीन सेवा पुग्ने संयन्त्र निर्माण गर्नुपर्ने, ३ आर नीति अनिवार्य लागू गर्नुपर्ने र हरित पूर्वाधार तथा विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्नुपर्ने माग गरिएको छ ।

सुशासन र सहभागिताका लागि निर्णय प्रक्रियामा कम्तीमा २० प्रतिशत युवाको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न, 'युवा सूचना पोर्टल' निर्माण गर्न र सरकारी योजनाको पारदर्शी नागरिक अनुगमन प्रणाली विकास गर्न सुझाव दिइएको छ ।

सम्मेलनले कर्णाली प्रदेशका युवाहरूको साझा आवाजलाई संस्थागत गर्दै जिम्मेवार, प्रविधिमैत्री र लोकतान्त्रिक समाज निर्माणमा युवाको भूमिका निर्णायक रहने निष्कर्ष निकालेको छ । घोषणापत्रमा उल्लेखित विषयहरूको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकार, नागरिक समाज तथा निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको अपेक्षा पनि गरिएको छ ।

# अन्नपूर्ण म्याराथनको उपाधि जुम्लालाई

**युग संवाददाता**
**कास्की, २१ जेठ ।**

छैटौं संस्करणको अन्नपूर्ण म्याराथन प्रतियोगिताको महिलातर्फको उपाधि जुम्लाकी मञ्जु रावतले चुमेकी छिन् । अन्नपूर्ण सेन्चुरी पर्यटन समितिद्वारा यहाँ आयोजित उक्त प्रतिस्पर्धामा जुम्लाको कनकासुन्दरी गाउँपालिका-२ जियाकी २५ वर्षीया धाविका रावतले अन्नपूर्ण आधार शिविरदेखि घान्द्रुकसम्मको ४२.१९ किमी दूरी ६ घण्टा १४ मिनेट १९ सेकेन्डमा पूरा गरी प्रथम स्थान हाँसिल गरिन् ।

त्यसैगरी, जुम्लाको गुठीचौरकी २१ वर्षीया धाविका राज्यलक्ष्मी रावलले सो दूरी ६ घण्टा ५० मिनेट २५ सेकेन्डमा पूरा गरेर दोस्रो स्थान प्राप्त गरिन् भने सोही जिल्लाको पातारासी गाउँपालिका-२ की १९ वर्षीया धाविका कल्पना बुढाले सो दूरी ७ घण्टा २० मिनेट ५६ सेकेन्डमा पूरा गरेर तेस्रो स्थान प्राप्त गरिन् ।

अन्नपूर्ण हिमाल आरोहण दिवसका अवसरमा हरेक जुन ३ तारिखमा आयोजना हुने सो प्रतियोगिताअन्तर्गत माछापुच्छ्रे



आधार शिविर, बगर देउराली, हिङ्कुकेभ, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोन, चुइले, मेलाचे, कोभ्रेडाँडा, किम्रुङ खोला, उरी हुँदै घान्द्रुकसम्मको दूरी पार गर्नुपर्छ ।

त्यसैगरी, प्रतियोगिताको पुरुषतर्फको उपाधि जुम्लाकै तातोपानी-७ सर्मीका धावक दलबहादुर कुँवरले चार घण्टा चार मिनेट १० सेकेन्डमा पूरा गरेर उपाधि जिते । प्रतियोगितामा तिलक बुढामगरले सो दूरी चार घण्टा १० मिनेट आठ सेकेन्डमा पूरा गरेर दोस्रो स्थान प्राप्त गरे । उनी गत वर्षका विजेता हुन् । यसैगरी, सचिन गुरुङले चार घण्टा ४९ मिनेट १२ सेकेन्डमा दौड पूरा गरेर तेस्रो स्थान प्राप्त गरे ।

महिलातर्फ दुई विदेशीसहित ५१ तथा पुरुषतर्फ पाँच विदेशीसहित ५८ धावकले म्याराथनमा भाग लिएका थिए । महिला तथा पुरुषतर्फ पहिलो, दोस्रो र तेस्रो स्थान प्राप्त गर्नेलाई क्रमशः रु एक लाख ५० हजार, रु एक लाख र रु ७५ हजार नगदसहित प्रमाणपत्र प्रदान गरियो ।

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसी, नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख विक्रम गुरुङ र अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका अध्यक्ष एवं प्रतियोगिताका संयोजक ललित गुरुङलगायतले संयुक्त रूपमा पुरस्कार प्रदान गरे । विसं २०७५ देखि अन्नपूर्ण आरोहण दिवसका अवसरमा उक्त प्रतियोगिता आयोजना गरिँदै आएको छ ।

# बाँकेमा बढ्यो गर्मीको प्रकोप, 'लु'को जोखिम बढ्दै

**सरला सुवेदी**
**बाँके, २१ जेठ ।**

बाँकेसहित पश्चिम तराईका जिल्लाहरूमा दैनिक तापक्रम बढ्दै जाँदा जनजीवन प्रभावित हुन थालेको छ । केही दिनअघि परेको वर्षाले गर्मीबाट क्षणिक राहत दिएको भए पनि पछिल्ला दिनमा पुनः तापक्रम उकालो लाग्न थालेपछि सर्वसाधारणलाई दैनिक कामकाज गर्न कठिन हुन थालेको छ ।

हावापानी फिल्ड कार्यालय राँझाका अनुसार बुधबार नेपालगञ्जको अधिकतम तापक्रम ३९.५ डिग्री सेल्सियस र न्यूनतम तापक्रम २५ डिग्री सेल्सियस मापन गरिएको छ । यसअघि वर्षा नहुँदा नेपालगञ्जको तापक्रम ४१ डिग्री सेल्सियसभन्दा माथि पुगेको थियो । मौसमविद्हरूका अनुसार आगामी दिनमा पनि गर्मीको प्रभाव कायम रहने सम्भावना रहेको छ ।

तापक्रम निरन्तर बढ्दै जाँदा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने र 'लु' (हीट स्ट्रोक) को जोखिम बढ्ने चिकित्सकहरूले चेतावनी दिएका छन् । चर्को गर्मीका कारण अत्यधिक थकान, कमजोरी, धेरै तिर्खा लाग्ने, वान्ता हुने, चक्कर लाग्ने तथा बेहोस हुनेजस्ता समस्या देखिन सक्ने उनीहरूको भनाइ छ ।

भेरी अस्पताल नेपालगञ्जका सूचना अधिकारी तथा वरिष्ठ फिजिसियन डा. संकेत रिसाल ले गर्मीको समयमा विशेष सावधानी अपनाउन आग्रह गरेका छन् । उनका अनुसार 'लु' बाट जोगिन सकेसम्म घरभित्र वा चिसो स्थानमा बस्ने, अनावश्यक रूपमा घाममा हिँडडुल नगर्ने तथा हलुका र शरीर ढाक्ने कपडा लगाउने बानी बसाल्नुपर्छ । घरबाहिर निस्कँदा टाउको टोपी, छाता वा कपडाले राम्रोसँग छोप्नुपर्ने र पर्याप्त मात्रामा पानी तथा झोल पदार्थ सेवन गर्नुपर्ने उनको सुझाव छ ।

"अत्यावश्यक कामका लागि बाहिर निस्किनुपरे शरीर पूरै ढाक्ने कटनका कपडा लगाउनुपर्छ र टाउकोलाई विशेष रूपमा सुरक्षित राख्नुपर्छ," डा. रिसालले भने ।

बढ्दो गर्मीको असर विशेषगरी दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्ने मजदुरहरूमा बढी परेको छ । चर्को घामका कारण नेपालगञ्जलगायत सहरी क्षेत्रका सडक र बजारमा दिउँसोको समयमा चहलपहल समेत घटेको देखिन्छ । स्थानीयवासीहरूले मध्याह्नको समयमा घरबाहिर निस्केर काम गर्न निकै कठिन भइरहेको बताएका छन् ।

चिकित्सकहरूका अनुसार गर्मी मौसममा शरीरमा पानीको कमी हुँदा डिहाइड्रेसन, एलर्जी तथा अन्य स्वास्थ्य समस्या बढ्न सक्छन् । शरीरमा पर्याप्त पानी नहुँदा विषाक्त पदार्थहरू सहज रूपमा बाहिर निस्कन नसक्ने र यसले विभिन्न स्वास्थ्य जटिलता निम्त्याउन सक्ने डा. रिसालले बताए ।

उनले तिर्खा नलागे पनि नियमित रूपमा प्रशस्त पानी पिउन सुझाव दिँदै पानीको सट्टा बियर, कफी, सोडा तथा अन्य क्याफिनयुक्त पेय पदार्थको अत्यधिक सेवन नगर्न आग्रह गरिएको छ । यस्ता पेय पदार्थले शरीरमा पानीको मात्रा झन् घटाउन सक्ने भएकाले गर्मीको समयमा स्वच्छ पानी, झोलिलो खानेकुरा र पोषिलो आहारमा विशेष ध्यान दिनुपर्ने उनको भनाई छ ।

# तिला गाउँपालिमा भौतिक पूर्वाधार निर्माणमा प्रगति

**युग संवाददाता**
**जुम्ला, २१ जेठ ।**

जुम्लाको तिला गाउँपालिकाले लक्ष्यभन्दा बढी राजस्व रकम सङ्कलन गरेको छ । गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यअर्थात् अनुमान गरेकोभन्दा बढी आन्तरिक राजस्व रकम सङ्कलन गरेको हो ।

महालेखा परीक्षकको ६३ औँ वार्षिक प्रतिवेदन अनुसार पालिकाले त्यस आवमा २६ लाख १७ हजार राजस्व सङ्कलन गरेको छ । गाउँपालिकाले चालु आवमा ठूला विकासे योजना कार्यान्वयनलाई तीव्रता दिएको छ । यसै क्रममा भौतिक पूर्वाधार निर्माण र सडक विस्तारका १२ वटा आयोजनाका ठेक्कामार्फत काम भइरहेका छन् ।

करिब १२५ वटा योजना उपभोक्ता समितिबाट निर्माण अन्तिम चरणमा पुगेको गाउँपालिका योजना शाखाका प्रमुख धीरेन्द्रविक्रम थापाले बताए । गाउँपालिकाले आव २०८१/८२ मा २० लाख भन्दामाथिका योजना १४, पाँच लाखदेखि ५० लाखसम्मका ६१ र पाँच लाखभन्दा कम लागतका ११ वटा आयोजना गरी जम्मा ८६ वटा योजना निर्माण सम्पन्न गरेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाका अनुसार उक्त आवमा ठूला आठवटा योजना ठेक्कामार्फत सम्पन्न भई सञ्चालनमा आएका छन् ।

# राष्ट्रसङ्घीय विकास प्रणालीलाई सुदृढ गर्नुपर्नेमा नेपालको जोड

**युग संवाददाता**
**काठमाडौँ, २१ जेठ ।**

नेपालले राष्ट्रसङ्घीय विकास प्रणालीलाई सुदृढ बनाउनुपर्नेमा जोड दिएको छ । बहुपक्षीयताको सुनिश्चितताका निम्ति त्यसो गर्नु अपरिहार्य भएको नेपालको अभिमत छ । राष्ट्रसङ्घीय मुख्यालयमा आयोजित 'बहुपक्षीयताको भविष्यः सन् २०३० पछिका लागि राष्ट्रसङ्घीय विकास प्रणाली निर्माण' छलफलमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले सन् २०३० पछिका चुनौती र अवसरलाई सम्बोधन गर्न राष्ट्रसङ्घीय विकास प्रणालीलाइ सक्षम बनाउनुपर्नेमा जोड दिएका हुन ।



न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका अनुसार राजदूत थापाले विकास प्रणालीलाई केवल बाँकी रहेका दिगो विकास लक्ष्य (एसडिजी) कार्यान्वयनका लागि मात्र नभई भविष्यका चुनौती र अवसरलाई समेत समेट्ने गरी सुदृढ गर्नुपर्ने बताए ।

उनले राष्ट्रसङ्घीय विकास प्रणालीलाई संस्थागत संरचनाले मात्र होइन, साझेदारी र ऐक्यबद्धतामार्फत अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । नागरिक समाज, युवा, शैक्षिक क्षेत्र, स्थानीय सरकार, निजी क्षेत्र तथा अन्य सरोकार भएकाहरूको सक्रिय सहभागिता बिना भविष्यमा प्रभावकारी र सान्दर्भिक विकास प्रणाली निर्माण गर्न नसकिने उनको भनाइ थियो ।

## समयमै...

व्यवसायी अग्रसर नभएकाले सम्झौता रद्द गरी कालोसूचीमा किन नराख्ने भन्दै पालिकाले गत मङ्सिर २ गते सार्वजनिक सूचना जारी गरेको प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताए । सार्वजनिक सूचना जारी भएपछिको तोकिएको अवधिमा पनि सम्झौताबमोजिम निर्माण कार्य अगाडि बढाउने विश्वसनीय आधार पेस गर्न नसकेकाले अमन कन्स्ट्रक्सन, गुलरिया-बर्दियासँगको ठेक्का सम्झौता अन्त्य गरिएको उनको भनाई छ ।

## यस्तो...

विनियोजन भएको थियो । तर, त्यो बेला सबैजसो राजनीतिक दलहरूले विस्तार कार्य अगाडि बढाउनका लागि सहयोग गरेनन् । नागरिक उड्डयन प्राधिकरण र प्रदेश सरकारले विस्तार कार्य अगाडि बढाउनका लागि जग्गाको कारोबार रोक्का गरिसकिएको थियो भने लगत सङ्कलन कार्य पनि अघि बढाइसकिएको थियो ।

प्रदेश सरकारले नागरिक तहमा कुनै छलफल नै नगरी जग्गा रोक्का प्रक्रियाका लागि पत्र लेख्ने काम गर्‍यो, जसको व्यापक विरोध भयो । विमानस्थलको धावनमार्ग विस्तार गर्दा वीरेन्द्रनगर नगरपालिकाका १०, ११, र १२ नं वडाका करिब नौ सय २३ घरधुरी र विद्यालय पनि प्रभावित हुने भएपछि स्थानीयहरू संघर्ष समिति नै गठन गरेर विरोधमा उत्रिए ।

स्थानीयको विरोधपछि २०७८ सालमा तत्कालीन मुख्यमन्त्री जीवनबहादुर शाहीले विमानस्थल विस्तार गर्ने बजेटले नयाँ विमानस्थल बनाउन सकिने भन्दै विस्तार योजनाको च्याप्टर नै क्लोज गरिदिएका थिए । त्यसयता मुख्यमन्त्री बनेका यामलाल कँडेलले यो योजनालाई पुनः व्यूताएका थिए ।

## कि विकल्प...

छ ?'

विमानस्थल विस्तारको चर्चा चलेसँगै सुवेदीले उठादिने त्रासले घर बनाउन नसकेको गुनासो गरिन । जग्गा अधिग्रहरणको हल्लाले अहिले जग्गा किनबेच रोकिएको छ । विमानस्थल विस्तारको खिचडीले बैंक तथा वित्तिय संस्थाहरुले जग्गा धितो राखेर ऋण दिन नमान्ने गरेको उनले बताइन ।

विमानस्थल विस्तार आयोजनाको अनिश्चितताका कारण स्थानीय बासिन्दाले भोग्नुपरेको मानसिक र आर्थिक सास्तीको अन्त्य तत्काल हुनुपर्ने उनको माग छ । राजनीतिक दलहरूको स्वार्थका कारण यो आयोजना कहिले अघि बढ्ने त कहिले रोकिने हुँदा स्थानीयमा अन्योलता सिर्जना भइरहेको छ ।

सरकारी निकायहरूबीच न्यूनतम समन्वय नहुँदा स्थानीयले आफ्नो घरजग्गाको उचित मूल्य नपाएको र विकासबाट वञ्चित हुनुपरेको गुनासो गरिरहेका छन् । 'विमानस्थल विस्तार गर्ने वा नगर्ने भन्ने विषयमा सरकारले शीघ्र ठोस निर्णय लिनुपर्छ,' उनले भनिन्, 'यदि सरकारले यसरी नै बेवास्ता गरिरहने हो भने अब हामी आन्दोलनमा उत्रिने अवस्थामा पुगेका छौं ।'

# विद्यार्थीलाई स्टेशनरी र पोसाक वितरण

**युग संवाददाता**
**सुर्खेत, २१ जेठ ।**

वीरेन्द्रनगर-११ स्थित दुई विद्यालयका १३१ जना विद्यार्थीलाई शैक्षिक सामग्री तथा विद्यालय पोसाक वितरण गरिएको छ । कर्णाली प्रदेशका सिमान्तकृत तथा आर्थिक रूपमा विपन्न बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्ने उद्देश्यले क्रियाशील लभ एण्ड होप नेपालले उक्त सामाग्री वितरण गरेको हो ।

संस्थाले शिव माध्यमिक विद्यालयका ५५ जना र कालिका आधारभूत विद्यालयका ७६ जना गरी कुल १३१ जना विद्यार्थीलाई स्टेशनरी सामग्री, विद्यालय पोसाक तथा झोला उपलब्ध गराएको छ । सहयोग प्राप्त गर्ने विद्यार्थीमध्ये अधिकांश छात्रा रहेका छन् । शिक्षाको आधारभूत आवश्यकता पूरा गर्न कठिनाइ भोगिरहेका बालबालिकालाई लक्षित गर्दै सहयोग गरिएको हो ।

उक्त सहयोगले विद्यालयमा नियमित उपस्थितिका साथै अध्ययनप्रति उत्साह बढ्ने विश्वास गरिएको छ । विशेषगरी आर्थिक अभावका कारण शैक्षिक सामग्री र पोसाक व्यवस्थापन गर्न नसक्ने परिवारका बालबालिकाका लागि यो सहयोग महत्वपूर्ण मानिएको छ ।

लभ एण्ड होप नेपालले विगत आठ वर्षदेखि निरन्तर रूपमा कर्णालीका विपन्न तथा सिमान्तकृत समुदायका बालबालिकाको शिक्षामा सहयोग गर्दै आएको छ । संस्थाले विद्यालय पोसाक, स्टेशनरी सामग्री तथा वार्षिक अध्ययन शुल्क व्यवस्थापनमा समेत सहयोग पुर्‍याउँदै आएको जनाएको छ ।

संस्थाका अनुसार गरिबीका कारण शिक्षाबाट वञ्चित हुन पुगेका बालबालिकालाई विद्यालय शिक्षासँग जोडिराख्न विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गरिँदै आएको छ । छात्राहरूको विद्यालय पहुँच, निरन्तरता र शैक्षिक उपलब्धि अभिवृद्धि गर्ने लक्ष्यसहित छात्रवृत्ति, शैक्षिक सामग्री वितरण तथा अन्य सहायक गतिविधि सञ्चालन भइरहेको संस्थाका अध्यक्ष शम्भुसंकर पोखरेलले बताए ।

शिक्षा नै दिगो विकासको आधार भएको उल्लेख गर्दै उनले आगामी दिनमा पनि कर्णालीका गरिब तथा सिमान्तकृत बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्न सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता जनाए । विद्यालयस्तरमा गरिएको यस्तो सहयोगले बालबालिकाको भविष्य निर्माणमा मात्र नभई समग्र समाजको शैक्षिक रूपान्तरणमा समेत सकारात्मक प्रभाव पार्ने उनको भनाइ छ ।

सामाग्री पाएपछि छात्रा हिमा बादी, इन्द्रा विक र सृष्टि शाहीले खुसी व्यक्त गरे ।

नियमित सहयोगले पढाई तथा सिकाई उपलब्धीमा सुधार आएको उनीहरुको भनाइ छ । सहयोग पाउने सबै बालबालिकाले संस्थालाई धन्यबाद दिदै पढाई गुणस्तर थप सुधार गर्ने गरी अध्ययन गर्न हौसला मिलेको बताए । कालिका आधारभूत विद्यालयका प्रधानाध्यापक डिल्लीराम कँडेलका अनुसार अघिल्लो वर्षसम्म विद्यालयमा कक्षा १ देखि ५ सम्म जम्मा १३ जना विद्यार्थी मात्र अध्ययनरत थिए । तर लभ एण्ड होप नेपालको निरन्तर सहयोग तथा जनप्रतिनिधिहरूको घरदैलो अभियानपछि विद्यार्थी संख्या बढेर ७६ पुगेको छ ।

शिव मा.वि का प्रधानाध्यापक पूर्ण प्रसाद पौडेलले नियमित सहयोगले गरिबिका कारण विद्यालय आउन नसक्ने बालबालिकालाई निकै राहत मिलेको बताए । सहयोग पाइराखेका बालबालिकालाई थप लगनशिल र अनुशासित भएर अध्ययन गर्न उनको आग्रह छ ।

वीरेन्द्रनगर-११ का वडाध्यक्ष खिमलाल देवकोटाले नियमित सहयोग पाएको पृष्टि हुने गरी उच्च शिक्षासम्म अध्ययन गरेर आफ्नो र संस्थाको सिर उचो बनाउन अनुरोध गरे । साथै सबैले आफ्ना बालबालिकालाई सरकारी विद्यालयमै पढाउन समेत उनको आग्रह छ । उनका अनुसार अछामी, सुब्बाकुना र अमृतडाँडा क्षेत्रका आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाई यो सहयोग निकै महत्वपूर्ण मानिएको छ ।

साथै सहयोगी संस्थाले विपन्न विद्यार्थीको शिक्षालाई निरन्तरता दिन सहयोग कार्यक्रम जारी राख्ने जनाएको छ । यस्तै, संस्थाले भ्याली मेमोरियल स्कुल र सुर्खेत होराइजन एकेडमीमा अध्ययनरत केही विद्यार्थीलाई पनि सहयोग गरेको छ ।

विद्यालय प्रशासनले संस्थाको सहयोगप्रति आभार व्यक्त गर्दै यस्ता कार्यक्रमले विपन्न समुदायका बालबालिकालाई शिक्षामा निरन्तरता दिन महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरेका छन् । संस्थाले हाल सुर्खेत, दैलेख, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका विपन्न समुदायका छोरीहरूको शिक्षामा लगानी गर्दै आएको छ ।

काभ्रेपलाञ्चोकस्थित आफ्नै छात्रावासमा राखेर उच्च शिक्षासम्म अध्ययनको अवसर उपलब्ध गराउँदै आएको छ । साथै अभिभावकसँगै घरमै बसेर अध्ययन गर्न चाहने विपन्न बालिकाहरूलाई पनि शैक्षिक सामग्री तथा अन्य आवश्यक सहयोग प्रदान गर्दै आएको छ ।

# बालबालिकाको सुरक्षा सुनिश्चित गर्न राष्ट्रसङ्घको आह्वान

**युग संवाददाता**
**काठमाडौँ, २१ जेठ ।**

निर्दोष बालबालिकामाथि हुने आक्रमणका पीडितको अन्तरराष्ट्रिय दिवस हो । संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् १९८२ देखि मनाउन प्रारम्भ भएको यो दिवसको उद्देश्य युद्ध र सशस्त्र द्वन्द्वका कारण बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार र अधिकार उल्लङ्घनप्रति विश्वभर ध्यानाकर्षण गराउनु हो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार युद्धग्रस्त क्षेत्रमा रहेका बालबालिका घरमा सुरक्षित रूपमा बस्न, विद्यालयमा अध्ययन गर्न, खेल्न वा अस्पतालमा उपचार गराउनसमेत नसक्ने अवस्थामा छन् । हत्या, शारीरिक क्षति, अपहरण, यौन हिंसा, विद्यालय तथा स्वास्थ्य संस्थामाथि आक्रमण र मानवीय सहायता पहुँचमा अवरोधजस्ता गम्भीर घटनाबाट बालबालिका प्रत्यक्ष प्रभावित भइरहेका छन् । महासचिव एन्टोनियो गुटरेसद्वारा सार्वजनिक 'बालबालिका र सशस्त्र द्वन्द्व'सम्बन्धी वार्षिक प्रतिवेदनअनुसार सन् २०२४ मा बालबालिकाविरुद्ध भएका गम्भीर उल्लङ्घनका घटना अघिल्लो वर्षको तुलनामा २५ प्रतिशतले बढेका छन् । प्रतिवेदनमा विश्वभर २२ हजार ४९५ बालबालिकालाई प्रभावित पार्ने ४१ हजार ३७० गम्भीर उल्लङ्घनका घटना प्रमाणीकरण गरिएका उल्लेख छ ।



प्रतिवेदनमा सबैभन्दा बढी उल्लङ्घनका घटना इजरायल तथा अधीनस्थ प्यालेस्टिनी क्षेत्रमा आठ हजार ५५४, कङ्गो लोकतान्त्रिक गणतन्त्रमा चार हजार ४३, सोमालियामा दुई हजार ५६८, नाइजेरियामा दुई हजार ४३६ र हैटीमा दुई हजार २६९ वटा अभिलेख गरिएका छन् ।

प्रतिवेदनअनुसार हत्या तथा शारीरिक क्षति बालबालिकाविरुद्ध हुने सबैभन्दा धेरै गम्भीर उल्लङ्घनका रूपमा देखिएको छ । सन् २०२४ मा मात्र ११ हजार ९६७ बालबालिका यसबाट प्रभावित भएका छन् । विस्फोटक पदार्थ, युद्धका अवशेष, बारुदी सुरुङ, अस्थायी विस्फोटक उपकरण तथा जनघनत्व बढी भएका क्षेत्रमा गरिएका आक्रमणका कारण अधिकांश बालबालिका पीडित भएका छन् ।

सशस्त्र समूह तथा सैन्य बलद्वारा हजारौँ बालबालिकालाई भर्ती गरी युद्ध तथा सहयोगी भूमिकामा प्रयोग गरिएको प्रतिवेदनमा उल्लेख छ । अपहरण तथा बाल सैनिकका रूपमा प्रयोग गरिने घटनामा वृद्धि भएको जनाइएको छ । बालबालिकाविरुद्ध हुने यौन हिंसाका घटनासमेत बढ्दै गएका छन् । विशेषगरी बालिकाहरू बढी प्रभावित भए पनि बालकहरू पनि यौन हिंसाको सिकार बनेका छन् । सामाजिक कलङ्क, प्रतिशोधको डर तथा पर्याप्त सहयोग सेवाको अभावका कारण यस्ता घटना अझै कम मात्रामा सार्वजनिक हुने गरेको राष्ट्रसङ्घले जनाएको छ ।

सन् २०२४ मा मानवीय सहायता पहुँचमा अवरोधसमेत चिन्ताजनक रूपमा बढेको प्रतिवेदनमा उल्लेख छ । द्वन्द्वरत पक्षहरूले राहत सामग्री बोकेका सवारीसाधन र सहायता कर्मीमाथि आक्रमण गर्नुका साथै आवतजावतमा प्रतिबन्ध र प्रशासनिक अवरोध सिर्जना गर्दा बालबालिका स्वास्थ्य, शिक्षा र संरक्षणलगायत आधारभूत सेवाबाट वञ्चित भएका छन् ।

संयुक्त राष्ट्रसङ्घले गत वर्ष विद्यालय र अस्पतालमाथि करिब दुई हजार आक्रमण भएको पुष्टि गरेको छ । यस्ता घटनाले बालबालिकाको शिक्षा र स्वास्थ्य सेवामा पहुँच थप प्रभावित भएको तथा द्वन्द्वग्रस्त क्षेत्रमा उनीहरूको जोखिम बढेको प्रतिवेदनमा उल्लेख छ । उक्त विश्वसंस्थाले बालबालिकामाथि हुने गम्भीर उल्लङ्घन अन्त्य गर्न द्वन्द्वका मूल कारण समाधान, दोषीमाथि जवाफदेहिता सुनिश्चित तथा बाल संरक्षण, पुनःस्थापना र पुनःएकीकरणका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ ।

त्यसैबीच, बालअधिकार अभियन्ता तथा संयुक्त राष्ट्रसङ्घको ' बालबालिका र सशस्त्र द्वन्द्व' सम्बन्धी ऐतिहासिक प्रतिवेदनकी लेखक डा. ग्रासा माशेलले बालबालिकाको सुरक्षा सुनिश्चित गर्नु वयस्कहरूको साझा दायित्व भएको बताएका छन् । उनले प्रत्येक बालबालिकाको अधिकार सुरक्षित र सुनिश्चित हुने शान्तिपूर्ण विश्व निर्माणका लागि अन्तरराष्ट्रिय समुदायले थप प्रतिबद्धता देखाउनुपर्नेमा जोड दिएका छन् ।

# एचआइभी एड्स सङ्क्रमितलाई सामाजिक विभेद अझै चुनौती

**युग संवाददाता**
**कञ्चनपुर, २१ जेठ ।**

एचआइभी एडस सङ्क्रमणको उपचार र नियन्त्रणका क्षेत्रमा उल्लेखनीय प्रगति भए पनि सङ्क्रमित व्यक्तिप्रति समाजमा कायम रहेको लाञ्छना, भेदभाव र गलत धारणा अझै ठूलो चुनौतीका रूपमा रहेको छ । एचआइभीबारे पर्याप्त जानकारी नहुँदा सङ्क्रमितहरू सामाजिक बहिष्कार, अपमान, मानसिक तनावलगायत समस्या भोग्न बाध्य छन् ।

स्वास्थ्य कार्यालय कञ्चनपुरको आयोजनामा आज शुक्लाफाँटा नगरपालिकामा सम्पन्न 'एचआइभी एड्ससम्बन्धी लाञ्छना तथा भेदभाव न्यूनीकरणका लागि सरोकारवालासँग अभिमुखीकरण कार्यक्रम'मा सहभागी वक्ताहरूले एचआइभी सङ्क्रमित व्यक्तिलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन नसकेसम्म सङ्क्रमण नियन्त्रणको अभियान पूर्ण रूपमा सफल हुन नसक्ने बताए ।

कार्यक्रममा स्वास्थ्य कार्यालय कञ्चनपुरका एचआइभी फोकल पर्सन नरेन्द्रसिंह रावलले एचआइभीको वर्तमान अवस्था, सङ्क्रमणका कारण, रोकथामका उपाय तथा सङ्क्रमित व्यक्तिमाथि हुने सामाजिक विभेदका विषयमा प्रशिक्षण दिएका थिए । उनका अनुसार आर्थिक वर्ष २०८०/८१ सम्मको तथ्याङ्क हेर्दा सुदूरपश्चिम प्रदेशमा एचआइभी सङ्क्रमित तीन हजार ७२३ रहेका छन् । सोही क्रममा ५५ हजार २२८ गर्भवतीको जाँच गरिएकामा जसमध्ये एचआइभी सङ्क्रमित तीन जना मात्रै रहेका छन् ।

प्रदेशका नौ जिल्लामध्ये सबैभन्दा बढी कैलालीमा एचआइभी पोजेटिभको सङ्ख्या एक हजार ७४५ रहेको छ । दार्चुलामा सङ्क्रमितको सङ्ख्या ४५ रहेको छ । त्यसैगरी, अछाममा ५८४, डोटीमा ४९३, कञ्चनपुरमा ४६०, बैतडीमा ११८, डडेल्धुरामा ११५, बझाङमा ९१ र बाजुरामा ६२ एचआइभी सङक्रमित रहेका छन् । उहाँका अनुसार नेपालमा एचआइभी सङ्क्रमितको अनुमानित सङ्ख्या ३४ हजार ३३७ छ । तीमध्ये १९ हजार २७९ पुरुष, १४ हजार महिला तथा एक हजार ५८ बालबालिका रहेका छन् ।

सन् २०२४ को अन्त्यसम्म ३० हजार २१७ जनामा सङ्क्रमण पहिचान भइसकेको छ भने २६ हजार २८८ जना नियमित उपचारमा रहेका फोकल पर्सन रावलले बताउनुभयो । उहाँले एचआइभी सङ्क्रमितलाई समाजले अझै पनि नकारात्मक दृष्टिकोणले हेर्ने गरेको बताउँदै यसले सङ्क्रमितको आत्मविश्वास घटाउने, मानसिक समस्या निम्त्याउने र उपचार प्रक्रियामा समेत असर पार्ने बताए ।

"धेरै व्यक्तिहरू एचआइभीको नाम सुन्नासाथ डराउने र सङ्क्रमितलाई अलग व्यवहार गर्ने गर्छन्," शुक्लाफाँटा स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत पदमबहादुर महराले भने, "तर अहिले औषधि सेवन गरेर एचआइभी सङ्क्रमित व्यक्तिले सामान्य जीवन बिताउन सक्छन्, उहाँहरूलाई समाजबाट टाढा राख्नु वा अपमान गर्नु गलत हो ।"

एचआइभीसम्बन्धी गलत धारणाकै कारण धेरै जना परीक्षण गराउन हिच्किचाउने गरेका छन् । समयमै परीक्षण र उपचार सुरु गर्न नसक्दा सङ्क्रमण थप जटिल बन्ने जोखिम छ । कार्यक्रममा एचआइभी सङ्क्रमणका मुख्य माध्यमबारे जानकारी दिँदै असुरक्षित यौन सम्पर्क, सङ्क्रमित रगतको प्रयोग, लागूऔषध प्रयोग गर्दा सुई साटासाट गर्ने व्यवहार, सङ्क्रमित औजारको प्रयोग तथा आमाबाट बच्चामा सङ्क्रमण सर्न सक्ने बताइएको थियो ।

गर्भावस्था, प्रसूति तथा स्तनपानको समयमा आमाबाट बच्चामा सङ्क्रमण सर्न सक्ने भएकाले गर्भवती महिलाको नियमित परीक्षण आवश्यक रहेको जानकारी दिइयो । स्वास्थ्यकर्मी हरि नाथले खोक्दा, हाछ्युँ गर्दा, हात मिलाउँदा, अँगालो हाल्दा, सँगै बसेर खाना खाँदा, एउटै भाँडाकुँडा प्रयोग गर्दा, सार्वजनिक शौचालय प्रयोग गर्दा, लामखुट्टेले टोक्दा वा एउटै कार्यस्थलमा काम गर्दा एचआइभी नसर्ने स्पष्ट पारे ।

उनले एचआइभी सङ्क्रमितसँग सामान्य सामाजिक सम्बन्ध राख्न कुनै जोखिम नरहेको बताउँदै यस्ता भ्रमले नै लाञ्छना र विभेदलाई बढावा दिएको उल्लेख गरे । कार्यक्रममा एचआइभी सङ्क्रमित व्यक्तिमाथि हुने लाञ्छना र भेदभावका असरबारे पनि चर्चा गरिएको थियो । सङ्क्रमित व्यक्तिमा एक्लोपनको भावना बढ्ने, आत्मविश्वास घट्ने, मानसिक तनाव, चिन्ता, निराशा तथा सामाजिक गतिविधिबाट टाढा हुने समस्या देखिने स्वास्थ्यकर्मीहरूले बताएका छन् ।

यस्ता व्यवहारका कारण कतिपय व्यक्तिहरू उपचारबाट समेत टाढा रहने, आफ्नो स्वास्थ्य अवस्था लुकाउने तथा परीक्षण नगराउने प्रवृत्ति बढ्ने बताइएको थियो । कार्यक्रमका सहभागीले एचआइभी सङ्क्रमितप्रति सम्मानजनक व्यवहार गर्दै भेदभावरहित र समावेशी समाज निर्माणका लागि जनचेतना अभिवृद्धि गर्नुपर्ने निष्कर्ष निकालेका थिए ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री ऋषि प्रसाद शर्मा धनि रहेको, दर्ता नम्बर ४७७०।०७५।०७६ बाट गुर्भाकोट न.पा. वडा नं. ८, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री कमला कृषि तथा पशुपंक्षी फर्म नामको प्राईभेट उद्योग मेरो आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सुचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सुचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रूपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम(२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री तस्बीर कामी धनि रहेको, दर्ता नम्बर ६०३६।०७६।०७७ बाट गुर्भाकोट न.पा. वडा नं. ७, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री जानकी बाख्रा पालन फर्म नामको प्राईभेट उद्योग मेरो आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सुचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सुचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रूपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम(२) बमोजिम जानकारी गराइन्छ ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इनिष्टच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोत्तल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop, Birendranagar-Surkhet

☎ ९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत ।